“आँबुखैरेनीको सम्बृद्धिको आधार : कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्बाधार”

# आँबुखैरेनी गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## आँबुखैरेनी, तनहुँ

आ. ब.२०७६/०७७ का लागि सेती नदीको नदीजन्य पदार्थ
(ढुङ्गा, गिटी, बालुवा आदि )
उत्खन्न तथा बिक्री सम्बन्धि
बोलपत्र फाराम

२०७६, कार्तिक

राजश्व उपशाखा

# आँबुखैरेनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आँवुखैरेनी, तनहुँ

## आँबुखैरेनी गाउँपालिका क्षेत्रधिकार भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटि, बालुवा आदी) उत्खनन् तथा विकी सम्बन्धी E- Bidding बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७६/०७/२५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) एवं आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय वमोजिम आ.व.२०७६/०७७ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी आँबुखैरेनी गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रित पुर्वकको E- Bidding को माध्यमबाट वोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | घरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ११/०७६/०७७ | खण्ड ख. आँवुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (कुप्ती खोला, लमिनी टापु, भुतखोला) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | ५०,८०,३२०।०० | ३०००।- | कबोल अंङ्कको ५ प्रतिशत | ३० दिनभित्र |

- नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) को दर प्रति क्यू.फिट (कर बाहेक) रु ३।००-(तिन)

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म PPMO's को website http://www.bolpatra.gov.np/egp बाट Download गर्न सकिनेछ ।

२. बोलपत्र फारम दस्तुर वापतको रकम यस कार्यालयको माछापुच्छ्रे बैंक लि., आवुँखैरेनी शाखामा रहेको कोष खाता नं. २७०१५२४६१८४५४०२५ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ ।

३ बोलपत्र फारामहरु भरी १६ औं दिनको १२.०० बजे सम्म PPMO's को website http://www. bolpatra.gov.np/egp मा सबै कागजातहरु (नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त, व्यक्ति, फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपी) Scan गरी PDF format मा वोलपत्र पेश गर्नू पर्नेछ ।

४. दाखिला हुन आएका e-subbmitted वोलपत्रहरु १६ औ दिनको २:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।

५. वोलपत्रदाताले E-Bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-Bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Formate वा Corruptted भएमा मुल्याङ्कनमा समाबेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण पत्र तथा आर्थिक वर्ष ०७५/०७६ को कर चुक्ताको नोटरी प्रमाणित प्रतिलिपि र अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नुपर्नेछ ।

६. वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंक लि., आवुँखैरेनी शाखामा रहेको धरौटि खाता नं २७०१५२४६१८४५४०४१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवुल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

८. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. शिलवन्दी बोलपत्र फारम पेश गर्दा पालना गर्नुपर्ने अन्य सर्तहरु बोलपत्र फारामको अनुसुचिमा समावेश गरिएको छ ।

१०. नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा प्रारम्भिक वातावणीय परीक्षण प्रतिवेदनलाई पालना गर्नु पर्नेछ ।

११. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-६४००८२ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
आँबुखैरेनी गाउँपालिका, तनहुँ

बोलपत्र सम्बन्धी शर्तहरु :

१. यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको वोलपत्रलाई मान्यता दिईने छैन, तर वोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा वोलपत्र पेश गर्न कुनै वाधा पर्नेछैन ।
२. बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ श्रावण मसान्त सम्म म्याद भएको रितपुर्वकको बैंक जामानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।
३. स्वीकृत ठेक्का अंङ्कलाई ३ (तिन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% र तेस्रो किस्ता २५% मध्ये पहिलो किस्ता ५०% सम्झौताको वखत दाखिला गरि बांकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट २०७७ श्रावण मसान्त सम्म मान्य हूने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५०% प्रतिशत रकमको किस्ता सम्झौता समय भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
४. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।
५. स्वीकृत ठेक्का अंङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ ।
६. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
७. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. आंबुखैरेनी गाउंपालिकाका वडा नं ६ भित्रको व्यक्तिगत तथा निषेधित क्षेत्र बाहेकका सेती नदी दायांबाया किनारको ढुंङ्गा, गिटी, वालुवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशूल गर्नूपर्ने छ, तर नदीनालाको पुल (पक्की/ झोलुङ्गे) तल माथी दुबैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उठाउन पाइने छैन । त्यसैगरी व्यक्तिको निजी स्वामित्वमा रहेको तथा हाल भोगचलनमा रहेको जग्गाबाट कम्तीमा २५ मिटरसम्म प्राकृतिक स्रोत साधन उठाउन पाइने छैन ।
९. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ ।
१०. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागी कार्यलयको स्वीकृत विना लोडर, डोजर, एक्साभेटर, जे.सि.वि. र ६ टायर भएका भन्दा ठुला हेभी उपकरण प्रयोग गर्न पाईने छैन ।

११. ढुंगा, गिटी, बालूवा, दहत्तर बहत्तरको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहूदासम्म गर्न पाईने छैन ।
१२. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा कार्यलयद्धारा तोकिएको एउटै बाटो प्रयोग गर्नु पर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो गा.पा. कार्यालयको निर्देशनमा वोलपत्रदाताले मर्मत सूधार गर्नुपर्ने छ ।
१३. स्थानीयस्तरका प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा संचालन हुने सार्वजनिक विकास निर्माण आयोजनका लागी प्राकृतिक स्रोत साधनको मुल्य प्राविधिक स्टिमेटमा घटाईएको भए यस कार्यालयको सिफारिसमा निशुल्क उपलब्ध गराउनू पर्नेछ ।
१४. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागी गा.पा. कार्यालयले आवश्यकता अनूसार डिपो निर्धारण गर्न सक्नेछ ।
१५. पानीले भिजेको र पानी चूहाएर ढूंगा, गिटी, वालूवा, दहत्तर, वहत्तर वोकेर ढूवानी साधन पक्की सडकमा गूडाउन पाइने छैन ।
१६. ढूवानी साधनले भार वहन क्षमता भन्दा वढी तौल राखी वा न्यून विलकारी ढूवानीका साधन सडकमा गूडाउन र नछोपी खूल्ला रूपले ढूवानी गर्न पाईने छैन ।

१७. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार आषाढ, श्रावण, भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पुर्णरूपले पालना गर्नू पर्नेछ ।

१८. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाईने छैन, त्यसका लागि वोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नू पर्नेछ ।

१९. कुनै पनि वन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन । नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा ढूवानी गर्दा कूनै विवाद उत्पन्न भएमा वोपत्रदाता स्वयंले व्यवस्थापन गर्नु पर्नेछ ।

२०. माथि उल्लेखित सर्तहरू उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउंपालिकाको तर्फबाट ठेक्का तोडी बाकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाईने छ साथै अशुल गर्न वाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

२१. यो ठेक्का सँग सम्बन्धित सम्पुर्ण सरोकारवालाको सुविधाका लागि सुचना प्रकाशित मितिको २०औ दिन प्रि.विड छलफल राखिने हुनाले उक्त दिन कार्यालय समयमा ईच्छुक फर्म वा कम्पनीहरूलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराईन्छ ।

२२. विस्तृत् जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५ ५४००८२ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

आँबुखैरेनी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत
(खण्ड ख) नदी जन्य पदार्थ (ढुङ्गा,गिटी ,बालुवा ) उत्खनन/विक्री सम्बन्धी
वोलपत्रको फाराम

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
आँबुखैरेनी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, आँबुखैरेनी, तनहुँ ।

यस आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७६/०७/२५ मा प्रकाशित सेती नदी (खण्ड ख) नदी जन्य पदार्थ (ढुङ्गा,गिटी ,बालुवा ) उत्खनन/विक्री सम्बन्धी वोलपत्र आव्हान गरिएको सूचना अनुसार गाउँपालिकाले तोकेको शर्तनामाको अधिनमा रही आफुले कबोल गरेको रकम यो वोलपत्र फाराममा पेश गरेको छु ।

कबोल गरेको रकम अंक र अक्षरमा

| सि.नं. | विवरण | कवोल गरेको रकम रु (करहरु बाहेक) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | खण्ड ख. आँवुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (कुप्ती खोला, लमिनी टापु, भुतखोला) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | | |

वोलपत्रदाताको दस्तखत :

बोलपत्रदाताको नामथर :

ठेगाना :

छाप :

आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३